नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ ।

फोन: ४४७४९२१ (एक्सचेन्ज)
४४७४७६८ (महानिर्देश
४४७४७६७ (निर्देशक प्र
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website: www.dotm.gov.np

पत्र संख्या :- २०७९/८०
चलानी नं.:- प्रा.

मिति: २०८०/०१/१४

## सूचना

यातायात व्यवस्था विभागको मिति २०८०/०१/१३ को निर्णय बमोजिम यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० को बुँदा नम्बर ११.१ अन्तर्गत देहाय अनुसार नयाँ बुँदा ११.१.९ थप गरी संशोधन गरिएको व्यहोरा सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० मा संशोधन गरी थप गरिएको विषय:**

११.१.९ नेपालमा जडान वा उत्पादन हुने सवारी दर्ता सम्बन्धी विशेष व्यवस्था:

१. यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विदेशबाट पाटपूर्जा पैठारी गरी नेपालमा जडान हुने वा नेपालमा नै उत्पादन हुने सवारीको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, लिलाम दर्ता, पुन दर्ता र नामसारी लगायतका प्रयोजन का लागि त्यस्तो सवारीको भन्सार प्रज्ञापनपत्र आवश्यक पर्ने छैन ।

२. नेपालमा जडान हुने वा उत्पादन हुने सवारीको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, लिलाम दर्ता, पुन दर्ता र नामसारी लगायतका कार्यका लागि जडानकर्ता वा उत्पादक कम्पनीले भन्सार प्रज्ञापनपत्रको सट्टा मूल्य अभिवृद्धि कर विजक र प्रचलित कानून बमोजिम अन्त: शुल्क सम्बन्धी प्रावधान आकर्षित हुने सवारीको हकमा अन्त: शुल्क निकासी फारम समेत पेश गर्नु पर्नेछ ।

यातायात व्यवस्था विभाग

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौं